[UK] REG: 14953765
[NP]REG: 4553/074

BGAESO

# ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठन (बिगेसो)
# British Gurkha Army Ex-Servicemen's Organization (BGAESO)

२०८३ असोज १ गते

## प्रेस वक्तव्य

**पत्रकार मित्रहरु**

सर्वप्रथम, ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठन (बीगेसो)को निमन्त्रणा स्वीकार्दै समाचार सम्प्रेषणका लागि यस पत्रकार सम्मेलनमा उपस्थित भइदिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछौं ।

बीगेसो आफ्नो स्थापनाकाल देखि नेपाल, भारत, बेलायत, सिंगापुर, ब्रुनाइ र हंगकंगमा रहेका भूतपूर्व एवं सेवारत गोर्खा सैनिकहरुको अधिकारका लागि अभियान, आन्दोलन र संघर्षरत रहेको बेहोरा अवगत गराउन चाहन्छौं । बीगेसोले सन् १८१५ मा अवैधरुपमा गोर्खा भर्ती देखि हालसम्म उक्त भर्तीका कारण नेपालले भोगेको आर्थिक सामाजिक सांस्कृतिक र मानवीय क्षतिको मुद्दाहरुका साथै नेपालको राष्ट्रिय स्वाधीनता र असंलग्न परराष्ट्र नीतिलाई गम्भीररुपमा चुनौति दिइरहेको सन् १९४७ नोभेम्बर ९ का दिन नेपाल, बेलायत र भारतबीच गोर्खा भर्ती सम्बन्धमा भएको त्रिपक्षीय सम्झौतामाथि प्रश्न उठाउँदै आएको छ । बीगेसोले सन् १९४७ को असमान त्रिपक्षीय गोर्खा भर्ती सम्झौता खारेजीको माग गर्दै बेलायत, भारत, सिंगापुर र ब्रुनाइको सुरक्षा निकायहरुबाट सेवानिवृत्त र सेवारत गोरखा नेपाली नागरिकहरुमाथिको विभेद, शोषणविरुद्ध आवाज उठाउँदै उनीहरुको मानवअधिकारको रक्षासहित समानता र न्यायका पक्षमा लड्दै आएको छ ।

सन् १८१५ देखि इष्ट इण्डिया कम्पनीले नेपालसँगको युद्धका क्रममा युद्धबन्दी गोर्खा सैनिकहरुलाई आफ्नो सेनामा भर्ती गरी शुरु गरेको अवैध गोर्खा भर्ती आज २१२ वर्ष पुगेको छ । सुगौली सन्धिपश्चात बेलायतले गोर्खा सैनिकहरुलाई आफ्नो साम्राज्य विस्तार र युद्धमा प्रयोग गर्दैआएको छ । बेलायतले गोर्खाहरुलाई अवैधरुपमा एंग्लो-सिख युद्ध, भारतको सिपाही विद्रोह दमन, दोस्रो एंग्लो-अफगान युद्ध, चीनको बक्सर विद्रोह दमन, तेस्रो एंग्लो-अफगान युद्ध, पहिलो र दोस्रो विश्वयुद्ध परिचालन गरेको छ । पछिल्ला दिनहरुमा नेपालको असंलग्न परराष्ट्र नीतिअनुसार सिंगापुर र ब्रुनाइका साथै अर्जेन्टिनाको फोकल्यान्ड नेटोअन्तर्गत इराक, कोसोभो र अफगानिस्तानमा परिचालन गरेको छ ।

सन् १९४७ नोभेम्बर ७ मा भारत र बेलायतबीच गोरखा सैनिकहरुको बाँडफाँड र तत्पश्चात सन् १९४७ को त्रिपक्षीय गोर्खा भर्ती सम्झौता विपरीत बेलायतले सन् १९४९ अप्रील ९ देखि अवैधरुपमा गोर्खा कन्टिन्जेन्ट सिंगापुर पुलीस फोर्स र सन् १९७४ फेब्रुअरी २५ ब्रुनाइमा गोरखा द रिजर्व यूनिट खडा गरी सिंगापुरका हकमा नेपाली नागरिकहरुको खुला तस्करी अनि ब्रुनाइमा नेपाली नागरिकहरुलाई पुन:बिक्री गर्दै त्यसबाट मोटो रकम असुल्दै आएको छ । गोर्खा कन्टिन्जेन्ट सिंगापुर पुलीस फोर्समा छनौट भएका गोर्खाहरूलाई ब्रिटिश गोर्खाहरु सरहको सेवा सुविधाबाट बंचित गरिएको छ ।

Pembroke House / 8 St Christophers Place / Rushmoor / Farnborough / GU14 ONH
worldbgaeso2080@gmail.com
+44 7894 322970 / + 44 7900 892895
+977 9851 118288 / + 97 9848 258997

उनीहरुले पाउने तलब पेन्सन निकै न्यून छ । सेवा अवधि ६० वर्ष पुगेपछि मात्रै उनीहरूलाई परिवारसँग बस्न पाउने व्यवस्था छ । उनीहरुलाई नेपाली नागरिकबाहेक अरुसँग विवाह गर्न प्रतिबन्ध छ । उनीहरुका श्रीमतीहरुलाई विधवा पेन्सनको व्यवस्था छैन । गोर्खाहरुका छोराछोरीले जन्मका आधारमा सिंगापुरको नागरिकता नपाउने र २१ वर्ष पुगेपछि उनीहरुले सिङ्गापुर छोड्नुपर्ने बाध्यकारी कानूनी व्यवस्था छ । सिंगापुर गोर्खाहरुका श्रीमतीहरुका हकमा सिंगापुरमा थप उच्च शिक्षा अध्ययनका साथै सिंगापुरमा काम गर्न प्रतिबन्ध छ । गोर्खा कन्टिन्जेन्ट सिंगापुर पुलीस फोर्सका गोर्खाहरु दुर्घटनामा पर्दा, उनीहरुले सामान्य अनुशासन उल्लंघन गर्दा तथा कुनै गम्भीर रोग र शारीरिक समस्या आइलाग्दा उनीहरुलाई विना क्षतिपूर्ति खाली खुट्टा नेपाल फर्काउने गरिएको छ ।

गोर्खा कन्टिन्जेन्ट सिंगापुर पुलीस फोर्समा कार्यरत गोर्खाहरुको यिनै समस्याहरुलाई उजागर गर्दै अहिले नेपाल भ्रमणमा रहेका सो फोर्सका कमाण्डिंग अफिसर विलियम रोवर्ट र सिंगापुर सरकारको प्रतिनिधिका रुपमा एस.ए.सी. डाइरेक्टर अफ म्यानपावर टान टिन वी लाई बीगेसोले यही सेप्टेम्बर १४ का दिन विशेष ध्यानाकर्षण पत्र बुझाएको छ ।

यसरी असमान त्रिपक्षीय गोर्खा भर्ती सम्झौता र त्यसले नेपालको राष्ट्रिय स्वाधीनतामाथि माथि गम्भीर प्रश्न उठाएको अवस्थामा उक्त सम्झौता खारेजीको मागसहित बीगेसोका अध्यक्ष पदमसुन्दर लिम्बूसमेतका तर्फबाट नेपालको सर्वोच्च अदालतमा दायर रीट (रिट नं. ०७३-WO-१२९७) निवेदनमाथि सम्मानित अदालतबाट नेपाल सरकारका नाममा मिति २०७९ माघ २४ गते निर्देशनात्मक आदेश जारी भएको ३६ महीना बित्दैछ ।

अदालतबाट जारी निर्देशनात्मक आदेशको प्रकरण नं. २५ मा अदालतले गोर्खा कन्टिन्जेन्ट सिंगापुर पुलीस फोर्स र सन् १९७४ फेब्रुअरी २५ ब्रुनाइमा गोरखा द रिजर्व यूनिट (हाल गोर्खा सेक्यूरिटी युनिट जीएसयूलाई त्रिपक्षीय सन्धिको मातहतमात्र नराखी बेलायती सेनाको अभिन्न र महत्वपूर्ण अंगको रुपमा नै हेरेको रहेछ भन्ने बुझ्न सकिन्छ" भनेर व्याख्या गरेको छ ।

निर्देशनात्मक आदेशको प्रकरण नं. २७ मा सर्वोच्च अदालतले रीट निवेदनमा उठाइएका विषयवस्तुहरुलाई समेटेर सरोकारवालासँग छलफल चलाइ विषयगत विज्ञहरुबाट अध्ययन अनुसन्धान गराउन विपक्षीहरुको नाममा आदेश जारी गरेको छ ।

तर आज, सर्वोच्च अदालतबाट विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी भएको ३६ महिना बितिसक्दा पनि विपक्षी नेपाल सरकार अदालतको आदेश कार्यान्वयनमा ल्याएको छैन । आदेश कार्यान्वयनमा नेपाल सरकारले मौनता साँधेसँगै थप कदम चाल्न बीगेसोले सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको पहलमा २०८१ कात्तिक १३ गते विपक्षी नेपाल सरकारका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयबीच छलफल भएपछि २०८३ साउन ८ गते दोस्रो चरणको छलफल भएको छ ।

## सर्वोच्च अदालतको आदेशविपरीत लण्डनमा हुने वार्ताको कुनै अर्थ छैन

बेलायतमा गोर्खाका नाममा खुलेका विभिन्न संघसंस्थाहरूका आआफ्नै मागअनुसारका आन्दोलनलाई सम्बोधन गर्ने विषयमा नेपाल र बेलायतबीच वार्ता गोर्खा भर्ती सम्झौता सम्बन्धी बीगेसोद्वारा दायर मुद्दामा जारी निर्देशनात्मक आदेशको विपरीत भएकोले त्यस्ता वार्ताहरुको कुनै अर्थ र औचित्य छैन । त्यसमा पनि नेपाली नागरिकता त्यागिसकेका पूर्व नेपालीका साथै गैरकानूनी रुपमा नेपाली नागरिकता

लिई ब्रिटिश गोर्खा सेनामा भर्ना भई सेवानिवृत्त भएका बेलायतमा बसोबास गरेकाहरुको सहभागितामा हुने कथित वार्ताको नाटक आफैँमा हास्यास्पद छ ।

## गोर्खाहरुको नागरिकताको नैसैंगिक अधिकार

नेपाल सरकारले सन् १९४७ को त्रिपक्षीय सम्झौताअनुसार आफैंले पठाएका ब्रिटिश गोर्खाहरुका हकमा नेपाल सरकारले नेपालको संविधानतः उनीहरुको अविच्छिन्न अधिकारका रुपमा रहेको वंशजको नेपाली नागरिकता छिन्ने दुस्प्रयास गर्दै उनीहरुलाई आफुखुसी देश छोडेर गएका गैर आवासीय नेपालीको सूचीमा राख्ने गरी गलत काम गरेको छ । जुन कार्य सन् १९४७ को गोर्खा भर्ती सम्झौताअन्तर्गत राज्यले ब्रिटिश गोर्खा सैनिकमा पठाएका नेपाली नागरिकका हकमा कुनै पनि हालतमा स्वीकार्य छैन । ब्रिटिश गोर्खाहरुका हकमा उनीहरुको संविधानतः प्राप्त हक सुरक्षित राख्दै उनीहरुको राजनीतिक अधिकारसहितको वंशजको नागरिकता कायम रहनुपर्छ र उनीहरुलाई वंशजको नेपाली नागरिकको सूचीमा राख्दै गैरआवासीय नेपालीको सूचीबाट हटाइनुपर्छ ।

भवदीय

पदमसुन्दर लिम्बू

अध्यक्ष

विभाग

पलबहादुर घर्ती

प्रमुख, BGAESO-सिंगापुर